## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०२०।०१ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा ।
२०७७।०७८-०२०।०२ भूमि सम्बन्धी समस्या समाधान आयोगको काम सम्बन्धमा ।
२०७७।०७८-०२०।०३ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ।
२०७७।०७८-०२०।०४ भोर्ले घेरबारको रकम भुक्तानी सम्बन्धमा ।
२०७७।०७८-०२०।०५ विविध सम्बन्धमा ।

### निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२०।०१**

प्रस्ताव नं २०७७।०७८-०२०।०१ माथि छलफल गर्दा कोरोना भाइरसको दोश्रो लहर रोकथाम तथा नियन्त्रणको लागी निम्नानुसार गर्नेः

क) अत्यावश्यक सेवा बाहेक गाउँपालिका कार्यालय तथा वडा कार्यालयबाट सेवाग्राहीको भौतिक उपस्थितिमा उपलब्ध गराइने सेवा प्रवाह स्थगित गर्ने ।

ख) रूपाकोट अस्पतालमा अक्सिजन सिलिण्डर सहितको कम्तिमा १५ शैया तत्काल व्यवस्था गर्ने।

ग) रूपाकोट अस्पतालमा 3 Phase लाइन जडानको लागी नेपाल विद्युत प्राधिकरणसँग समन्वय गर्ने।

घ) रूपाकोट अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्न आवश्यक बजेट व्यवस्था गर्ने ।

ङ) रूपाकोट अस्पतालमा आवश्यक सामाग्रीहरु वेड IV Stand सहितको, अक्सिजन कन्सन्टेटर, अक्सिमिटर, पिपिइ, मास्क, स्यानिटाइजर, सर्जिकल ग्लोभ्स, पानीको प्रवन्ध, तन्ना, सिरानी, वेड, सिसिटिभि, सहित सोलार सेट खरिद तथा मर्मत गर्ने ।

च) गैरिभञ्ज्याङ आईसोलेसन कम्तिमा १६ वेड सहितको आइसोलेन तयार गर्न यसअघिनै खरिद भएको CCTV, LED TV जडान गर्ने तथा विद्युत वायरिङ गरि आइसोलेसन केन्द्र वरपर सरसफाइ सहित बाटो मर्मत गर्ने ।

छ) सबै प्रकारका सभा सम्मेलन गोष्ठी तालिम सेमिनार सञ्चालन गर्न मानिसहरु भेला जम्मा हुन भिडभाड गर्न सभा जुलुस गर्न जात्रा महोत्सव गर्न निषेध गर्दै अत्यावश्यक काम बाहेक घर बहिर ननिस्कने र हिडडुल नगर्ने ।

ज) कोरोना भाइरसको माहामारी नियन्त्रणको लागि वडा स्तरीय विपद् व्यवस्थापन समिति, राजनीतिक दलका प्रतिनिधिहरु, जनप्रतिनिधि, स्वास्थ्यकर्मी महिला स्वस्थ्य स्वयंम सेविका शिक्षक कर्मचारी परिचालन गरि टोलटोलमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

रुपा गाउँपालिका कास्की

झ) १५ जना भन्दा बढी मानिसहरु भेला हुने कुनै पनि किसिमका औपचारीक तथा अनौपचारीक कार्यक्रम पुर्ण रुपमा बन्द गर्ने

ञ) गाउँपालिका भित्र संचालनमा रहेका खाद्यान्न पसल, औषधी पसलहरु खुला रहने छन् भने होटल, रेष्टुरेण्ड, तथा होमस्टे पुर्ण रुपमा बन्द गर्ने ।

ट) २४ सै घण्टा एम्बुलेन्स सेवा गाउँपालिकाको नियम अनुसार सेवा प्रदान गर्ने ।

ठ) संक्रमणको उच्च जोखिम क्षेत्रबाट आएका अगन्तुकलाई अनिवार्य रुपमा कम्तिमा १० दिन होम क्वारेन्टाइनमा बस्न लगाउने क्वारेन्टाइनमा बसे नबसेको सम्बन्धीत टोल विकास समितको अध्यक्ष तथा वडा सदस्यहरुबाट निगरानी गर्ने ।

ड) कोरोना भाइसरको लक्षण देखिएका गाउँपालिका बासिन्दाहरुको स्वाव संकलनको व्यवस्था गाउँपालिकाले गर्ने ।

ढ) गाउँपालिका भित्र संचालन हुने सार्वजनिक सवारी साधन स्वास्थ्य सुरक्षाको मापदण्ड पुर्ण रुपमा पालाना गरी (मास्क अनिवार्य) यातायत संचालन गर्ने ।

ण) गाउँपालिका भित्र संचालनमा रहेको अस्पतालबाट २४ सै घण्टा स्वास्थ्यकर्मीको सेवा उपलब्ध हुने ।

त) पालिका प्रवेश गर्ने सम्पुर्ण नाकाहरुका सुरक्षाकर्मी स्थानीय बासिन्दाहरुको सक्रियतामा अन्य जिल्लाबाट आएका व्यक्तिहरुको विवरण स्वास्थ्य शाखामा उपलब्ध गराउने ।

थ) रूपाकोट अस्पतालमा कार्यालय सहयोगी पदमा मासिक रु १३५०० तलब भत्ता पाउने गरी रूपा गाउँपालिका ६ निवासी श्री गुरुङ लाइ नियुक्त गर्ने तथा अस्पतालमा टिकट काट्ने तथा अन्य व्यवस्थापकीय कार्यहरुमा सहयोग गर्ने गरी रूपा गाउँपालिका ५ निवासी श्री शुरेस गुरुङलाइ मासिक रु २६००० सेवा सुविधा प्राप्त गर्ने गरी नियुक्त गर्ने ।

द) आईसोलेसनमा खटिने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी भान्छे कुरूवालाई रूपा गाउँपालिका कास्कीको खर्चको मापदण्ड, २०७७ तथा जिल्ला दररेट २०७७।०७८ को आधारमा खाना खाजा खर्च तथा प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

ध) कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा खटिने राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाइ नेपाल सरकारको निर्णयअनुसार तथा रूपा गाउँपालिका कास्कीको खर्चको मापदण्ड, २०७७ बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

न) अन्य विषयमा तत्काल कुनै निर्णय गर्नुपर्ने भएमा गाउँपालिका अध्यक्षस्तरिय निर्णयअनुसार व्यवस्थापन गरी अनुमोदनको लागी कार्यपालिका बैठक समक्ष पेश गर्ने ।



रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२०।०२</u>**

प्रस्ताव नं २०७७।०७८-०२०।०२ माथि छलफल गर्दा भूमी सम्बन्धी समस्या समाधान आयोगसँगको रूपा गाउँपालिका कास्कीविच भएको सम्झौता बमोजिम वडास्तरमा लगत संकलन फारम भर्ने कार्य सम्पन्न भइसकेको जानकारी प्राप्त भएको तथा नियमानुसार दावा विरोधको सूचना प्रकाशन गर्ने तथा नापाजाँचको कार्य निरन्तरता गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२०।०३</u>**

प्रस्ताव नं २०७७।०७८-०२०।०३ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाको कार्यक्रम अनुसार रूपा गाउँपालिका वडा नं ३ मा योजना कार्यान्वयनको लागी छनौट भएकोमा सो योजना कार्यान्वयन गर्न गाउँपालिकाबाट व्यहोर्नुपर्ने कुल लागतको १५ प्रतिशत बराबरको रकम सम्बन्धित योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिबाटै व्यहोर्ने गरी योजना कार्यान्वय गर्ने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२०।०४</u>**

प्रस्ताव नं २०७७।०७८-०२०।०४ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्की वडा नं ६ मा भोर्ले तारजाली घेरबारको योजनाको निर्माण कार्य सम्पन्न भएको सम्पुर्ण कागजात प्राप्त भएकोमा सो योजनाको लागी गाउँपालिकाको तर्फबाट रु १ लाख ५० हजार मात्र बजेट गाउँसभाबाट स्विकृत अध्यक्षस्तरिय निर्णयका आधारमा दिइने पूँजिगत भुक्तानी तर्फ बिनियोजित बजेटबाट खर्च लेख्ने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२०।०५</u>**

प्रस्ताव नं २०७७।०७८-०२०।०५ माथि छलफल गर्दा आजको बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७८ साल बैशाख १४ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मिति:

रुपा गाउँपालिका कास्की